# भूमि अधिकार अभियान
## मासिक खबर

वर्ष : १     अङ्क : ५     मंसिर, २०७१

### तेस्रो राष्ट्रिय महिला किसान सम्मेलन भयो

महिला किसानले खेती किसानी र घरभित्र गर्ने काम गनिसाध्य न भनिसाध्य भने झैं छ । तर तिनै महिला किसानको पहिचान भने श्रीमान्, ससुरासँग जोडिएर आउँछ । यस्तो नमिल्दो परिवेशमा केही वर्षयता भने महिला किसानको पहिचान र भू-स्वामित्वबारे सङ्गठीत तवरले आवाज उठ्न थालेको छ ।

घरभित्रको कामसँगै खेतीपातीमा महिला किसानले पुर्‍याएको योगदानको आधारमा पहिचान, भूमिमा पुरुष सरह अधिकार र सरकारी नीति, सेवा र सुविधा हुनुपर्ने विषयमा महिला किसानले जोड दिएका थिए । संयुक्त पुर्जा बनाएका जोडीहरूले परिवारमा झनै मेलमिलाप र खुसी थपिएको सुनाएका थिए । अगुवाहरूले लामो सङ्घर्षपछि सरकारले संयुक्त पुर्जाबारे नीतिगत व्यवस्था गरेपनि प्रक्रिया सरल नहुँदा अभियान प्रभावकारी बन्न नसकेकाले सरल कार्यविधि ल्याउन माग गरे ।

सम्मेलनमा सहभागी हुन एकता परिषद् भारतबाट आएका प्रतिनिधिहरूले भारतमा जारी भूमि आन्दोलनको अनुभव सुनाउँदै पहिचान र उत्पादनसँग जोड्न भूमिमा महिला-पुरुषको समान स्वामित्व हुनुपर्ने बताएका छन् । त्यसैगरी महिला अधिकार आन्दोलनका नेता उषाकला राईले महिला किसान, पहिचान र अधिवक्ता रीता मैनालीले सम्पत्तिमा महिला अधिकारसम्बन्धी कानुनी व्यबस्थाको बारेमा प्रशिक्षण दिएका थिए । ‘आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी’ भन्ने मूल नाराका साथ सुरु भएको सम्मेलनमा ४२ जिल्लाका ९३ जना सहभागी थिए । सम्मेलनको अन्तमा समुदाय, जिल्ला र क्षेत्रस्तरमा गर्ने छलफल, भेला र महिला सम्मेलनको योजना बनाएका छन् । कार्यक्रमको आयोजना भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रले संयुक्त रूपमा मंसिर १७ र १८ गते चितवनको ठिमुरामा गरेका थिए ।



## सार्कमा बीउ, कृषि र भूमिको मुद्दाबारे छलफल



दक्षिण एसियाली सहयोग संगठन (सार्क) को १८ औं शिखर सम्मेलन मंसिर १० र ११ मा काठमाडौंमा भयो । सो अवसरमा राजधानीमा जनसार्कअन्तर्गत बीउ, कृषि र भूमिको मुद्दाबारे छलफल गरिएको थियो ।

जनसार्क अन्तर्गत दक्षिण एसियाली देशका किसानहरूको क्षेत्रीय सम्मेलन मंसिर ७ र ८ गते पार्क भिलेज बुढानिलकण्ठमा भयो । किसान सम्मेलनमा नेपाल, भारत, बंगलादेशलगायत ८ राष्ट्रका किसान प्रतिनिधिहरू सहभागी थिए । सम्मेलनमा सार्क राष्ट्रका किसानका र कृषि क्षेत्रको समस्यबारे छलफल भयो । साथै सम्मेलनबाट सार्क मुलुकहरूले ध्यान दिनुपर्ने विषयहरूमाथि छलफल गरी १६ बुँदे ध्यानाकर्षण पत्र तयार गरी जारी गरिएको थियो । क्षेत्रीय सम्मेलनको समापनको अवसरमा कृषि मन्त्री हरिप्रसाद पराजुली पनि सहभागी भई दिगो र पारिवारिक खेतीपातीले नै दक्षिण एसियामा रहेको भोकमरी र व्याप्त गरिबीको समस्या समाधान हुन सक्ने बताउनुभयो ।




यस्तै, १८ औं सार्क शिखर सम्मेलनकै अवसरमा मंसिर ७ गते बागबजारमा भएको दक्षिण एसियाली देशका किसानहरूको भेलाले सार्क स्तरीय बीउ बैंक स्थापना गर्न माग गरेका छन् । सन् २०११ मा सार्क राष्ट्रका सरकार प्रमुखले प्रतिवद्दता गरेको 'सार्क बीउ बैंक' स्थापना कार्यलाई तत्कालै सुचारु गर्न माग गरिएको थियो । खानी बंगलादेश, एसिया फुड नेटवर्क, द इन्टरनेशनल फुट नेटवर्क, केएमके, अभियान नेपाल, राष्ट्रिय भूमि अधिकार मञ्च, र एएफएको आयोजनामा भएको किसान भेलामा नेपाल, भारत, बंगलादेशलगायत ८ राष्ट्रका किसान प्रतिनिधि सहभागी थिए ।

किसानहरूले एसियाली राष्ट्रमा एक-अर्को क्षेत्रमा कृषि तथा उपभोग्य वस्तुको आयात-निर्यात गर्दा कुनै पनि महशुल (कर) नलाग्ने व्यवस्था गरिनुपर्ने माग उठाएका छन् । स्थानीय बीउ विजनको संरक्षण गर्नुको साटो हाइव्रिड बीउतर्फ किसानको रुची बढ्दै जानुमा सरकारी कमजोरी रहेको किसानहरूले औंल्याएका छन् । उनीहरूले स्थानीय बीउलाई संरक्षण गर्न सरकारले बेलैमा उचित ध्यान दिनुपर्ने माग पनि गरेका छन् । भेलामा संविधान सभाका सभासद् रामेश्वर फुयाँल र रामचन्द्र यादव सहभागी भई सरकारी क्षेत्रबाट ध्यान नपुगेको र किसानहरूसँग पनि सुरक्षित भण्डारणको साधन नहुँदा स्थानीय बीउ विजनहरू लोप हुँदा गएको बताए । सभासद्हरूले किसानको अधिकार र स्थानीय बीउ सुरक्षित भण्डारणको लागि आगामी संविधानमार्फत उक्त विषय सम्बोधन गर्न पहल गरिने बताए ।



यस्तै, सार्क शिखर सम्मेलनकै अवसरमा मंसिर ८ गते स्टाफ कलेज जावलाखेलमा दक्षिण एसियाको भूमि समस्याबारे छलफल भयो । छलफलमा दक्षिण एसियाली देशका भूमि अधिकार अभियानमा काम गर्ने विभिन्न संस्थाका प्रतिनिधिहरू सहभागी थिए । एसियाली देशका समग्र भूमि मुद्दा, भूमिमा महिला किसानको मुद्दा, बढ्दो सहरीकरण र औद्योगिकरणको कारण बढ्दो भूमि अतिक्रमणलगायतको विषयमा छलफल भएका थियो । छलफलको आयोजना सामुदायिक आत्मनिर्भर केन्द्र, गैरसरकारी संस्था महासंघ नेपाल, राहत नेपाल, एड्गक, ल्याण्ड वाच एसिया र आइएलसी एसियाले संयुक्त रूपमा गरेका थिए । सो अवसरमा दक्षिण एसियामा रहेको

व्याप्त भोकमरी र गरिबी न्युनिकरणको लागि भूमि सुधार आवश्यक रहेकोबारे गहन छलफल भएको थियो । भूमि सुधारलाई जनताको सामाजिक न्याय र खाद्य सुरक्षाको दृष्टिकोणबाट हेरिनुपर्ने र मंसिर १० र ११ मा काठमाडौंमा हुने सार्क सम्मेलनमा भूमि मुद्दालाई गहन रूपमा उठाउनुपर्ने माग उठाइएको थियो ।

## संयुक्त पुर्जा बनाउने थपिए

महिलाको नाममा भू-स्वामित्व कायम गराउन विभिन्न जिल्लामा भूमि अधिकार मञ्चको संयोजनमा संयुक्त पुर्जा निर्माण अभियान भइरहेको छ । यस क्रममा मंसिर महिनामा सञ्चालित अभियानमा सङ्गठित भई विभिन्न जिल्लाका ५९ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले २० बिघा १२ कट्ठा २ धुर जमिनको क्षेत्रफलमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् । अभियानमा सङ्गठित भई रसुवामा १५ जोडी किसानले १२५-१५-२-० (रोपनी), ललितपुरमा १३ जोडीले १३८-७-१५-० (रोपनी), सुनसरीमा १० जोडी किसानले २-९-५ (बिघा), महोत्तरीमा १० जोडीले ४-२-१३ (बिघा), धनुषामा ४ जोडीले ३-०-५ बिघा र सर्लाहीमा ७ जोडीले १-५-० (बिघा) क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

## संयुक्त पुर्जा बनाउनेलाई सम्मान र अभिमुखीकरण

जमिनमा परिश्रम धेरै महिलाको तर स्वामित्व धेरै पुरुषको । उत्पादनको प्रमुख साधान भूमिमा असमान स्वामित्वको अन्त्य गर्दै महिला-पुरुषको बराबरी स्वामित्व कायम गराउन विभिन्न जिल्लामा संयुक्त पुर्जा निर्माण अभियान भइरहेको छ । संयुक्त पुर्जा निर्माण गर्नको लागि भूमि अधिकार मञ्चमार्फत गाउँ गाउँमा किसान जोडीलाई अभिमुखीकरण गर्ने, संयुक्त पुर्जाबारे जानकारी गराउन विभिन्न कार्यक्रमहरू भइरहेका छन् । संयुक्त पुर्जा निर्माण अभियानअन्तर्गत किसान जोडीहरूमा जनचेतना जगाउन यस महिना पनि छलफल, अन्तरक्रिया र घरदैलो भेटघाट कार्यक्रम भएका छन् ।


सम्मानपछि संयुक्त फोटो खिचाउँदै किसान जोडीहरू, ओखलढुङ्गा

यस क्रममा ओखलढुङ्गाको कुन्तादेवी गाविसमा यस अघि अभियानमा सङ्गठित भई संयुक्त पुर्जा बनाएका किसान जोडीलाई सम्मान गरियो । अभियानमा सङ्गठित भई संयुक्त पुर्जा बनाएका ४७ किसान जोडीलाई मंसिर २१ गते एक कार्यक्रमबीच सम्मान गरियो । उनीहरूलाई प्रमाण पत्रका साथ दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

यस्तै जिल्ला भूमि अधिकार मञ्च, धनुषाको आयोजनामा मंसिर १३ गते 'भूमिमा महिला अधिकार र संयुक्त पुर्जा' विषयक अन्तरक्रिया भयो । कार्यक्रममा विभिन्न सरोकारवाला निकायहरू मालपोत, भूमिसुधार, सुकुम्बासी समस्या समाधान जिल्ला समिति, स्थानीय राजनीतिक दल, पत्रकार र स्थानीय गैरसरकारी निकायका प्रतिनिधिसहित २० सहभागी थिए । यस क्रममा अभियानमा सङ्गठित भई यसअघि संयुक्त पुर्जा बनाउने ५ जोडी किसानलाई सम्मान पनि गरियो ।




कैलालीको पथरैया गाविसमा संयुक्त पुर्जा निर्माणबारे छलफल कार्यक्रम भयो । छलफलमा समुदायका ४० सहभागी उपस्थित थिए । छलफलमा संयुक्त पुर्जा निर्माणको प्रक्रिया, यसको फाइदा र महिला किसानमा भू-स्वामित्वले ल्याउने परिवर्तनको बारे अनुभव आदान-प्रदान गरियो ।

जिल्ला भूमि अधिकार मञ्च, कञ्चनपुरले देखतभुली, दैजी, बेलैरीमा गाविसमा विभिन्न गाउँमा संयुक्त पुर्जा निर्माणबारे छलफल तथा घरदैलो अभियान गरेको छ । छलफलमा भूमिमा महिला अधिकार, संयुक्त पुर्जा निर्माण, यसको महत्वबारे प्रकाश पारियो । अभियानबाट १९३ जनाले संयुक्त पुर्जाबारे जानकारी लिएका छन् ।

यस्तै जिल्ला भूमि अधिकार मञ्च, सिरहाले मंसिर १८ गते संयुक्त पुर्जा निर्माणबारे अभिमुखीकरण आयोजना गर्‍यो । अभिमुखीकरणमा ४४ महिलासहित ६३ सहभागी थिए । सो कार्यक्रममार्फत संयुक्त पुर्जा निर्माण गर्दाको फाइदा, भूमिमा महिलाको स्वामित्व किन आवश्यक छ भन्ने विषयमा छलफल गरिएको थियो । छलफलपछि १४ किसान जोडी संयुक्त पुर्जा बनाउन तयार भएका छन् ।

**चुरे संरक्षणसम्बन्धी छलफल भयो**

चुरे संरक्षणमा स्थानीय समुदायको भूमिकाबारे मंसिर १६ गते महोत्तरीको बर्दिबासमा चुरेबासी र सरोकारवालाबीच अन्तरक्रिया भयो । खयरमारा, माईस्थान, गौरीबास, बर्दिबास र तुलसी गाविसका चुरे क्षेत्रमा बसोबास गर्नेहरूले चुरे संरक्षणको जिम्मा स्थानीयबासीलाई दिनुपर्ने माग उठाएका छन् । छलफलमा सहभागी सरोकारवाला निकायका प्रतिनिधिहरूले पनि चुरेको संरक्षणको जिम्मा स्थानीयबासीलाई दिंदा मात्र प्रभावकारी हुने धारणा राखेका छन् । सोही छलफलपछि चुरेबासीको सहभागितामा १९ सदस्यिय सङ्घर्ष समिति गठन गरिएको छ । चुरे अहिले संवेदनशील विषय बन्दै गएकाले सरकारले गठन गरेको चुरे संरक्षण विकास समितिबारे विभिन्न सङ्गठनहरूले आन्दोलन गर्दै आइरहेका छन् । सामुदायिक वन उपभोक्ता महासंघलगायतले देशव्यापीरूपमा आन्दोलन गरिरहेका छ । यस क्रममा चुरे क्षेत्रमा बसोबास गर्ने र भूमि अधिकार मञ्चमा सङ्गठित चुरे क्षेत्रका अव्यवस्थित बसोबासीहरूले सुरक्षित बसोबाससहित चुरे संरक्षणको जिम्मा स्थानीयबासीलाई दिनुपर्ने माग राखि आन्दोलन गर्न सङ्घर्ष समिति गठन गरेका हुन् ।

**जमिनमा हक प्राप्ती**

जिल्ला भूमि अधिकार मञ्च, रौतहटको पहलमा प्रतापपुर पल्टुवा- २ का एक किसान परिवारले १ बिघा क्षेत्रफलको जमिनको स्वामित्व (लालपुर्जा) लिएका छन् । २०२१ सालमा नापी हुँदा छुट भएको जग्गा जोतभोग गर्दै आएको भएपनि उनी स्वामित्वबाट वञ्चित थिए । जिल्ला भूमि अधिकार मञ्चको सहयोगमा सर्वोच्च अदालतमा मुद्दा लडेर उनले हक प्राप्त गरेका हुन् ।

**आधार पत्र लिए**

जिल्ला भूमि अधिकार मञ्चको पहलमा विभिन्न जिल्लामा अव्यवस्थितरूपमा बसोबास गर्दै आएका भूमिहीन किसानले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोगको प्रमाण पत्र लिएका छन् । यस क्रममा महोत्तरी गौरीबास र खयरमाराका ७९ परिवार, दाङको सोनपुर, हेकुली र उरहरी गाविसका ६९४ परिवार र सिरहाको हनुमाननगरका ४५ परिवारले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोगको आधार प्रमाण पत्र लिएका छन् ।

**सङ्गठन निर्माण भयो**

भूमि अधिकार आन्दोलनमा भूमि अधिकारबाट वञ्चितहरू गाउँ गाउँमा सङ्गठित भइरहेका छन् । यस क्रममा मंसिर महिनामा ६ नयाँ सङ्गठन निर्माण भएको छ । नयाँ निर्माण भएको गाउँ मञ्चमा २३७ परिवार भूमि अधिकारबाट वञ्चितहरू सङ्गठित भएका छन् ।

यस क्रममा कञ्चनपुरमा निर्माण भएको २ गाउँ भूमि अधिकार मञ्चमा ४१ महिलासहित ४७ जनजाति परिवार, प्यूठानामा निर्माण भएको २ गाउँ भूमि अधिकार मञ्चमा २२ जनजाती, ८ दलित, २० महिलासहित ३९ परिवार र कैलालीमा निर्माण भएको २ गाउँ भूमि अधिकार मञ्चमा ९२ महिला, ३७ दलित, १०५ जनजातिसहित १५१ भूमि अधिकारबाट वञ्चित परिवार सङ्गठित भएका छन् ।

### सामूहिक खेतीको रकम आन्दोलन कोषमा

जिल्ला भूमि अधिकार मञ्च, बर्दियाले सञ्चालन गरेको सामूहिक खेतीको आम्दानी जिल्ला मञ्चको आन्दोलन कोषमा जम्मा गरिएको छ । मञ्चले १ बिघा १५ कठ्ठा क्षेत्रफलको खेतमा धान खेती गरी उत्पादन गरेको १८ क्यून्टल धान बिक्री गरी ३७ हजार ५०० रूपियाँ मञ्चको आन्दोलन कोषमा जम्मा गरेको छ ।

यस्तै, सिरहाको धनगढी- ३ दिनाभद्री भूमि अधिकार मञ्चका २५ सदस्यहरूले सामूहिक श्रम गरी प्रति सदस्य ८ केजीका दरले २०० केजी धान संकलन गरी आन्दोलन कोषमा जम्मा गरेका छन् ।

### छुट जग्गा दर्ताबारे मन्त्रीसँग छलफल

जिल्ला भूमि अधिकार मञ्च, पाल्पाले भूमि सुधार तथा व्यवस्था मन्त्री दलबहादुर रानासँग भेटी जिल्लामा रहेको नापी छुट जग्गा दर्ताबारे छलफल गरेका छन् । मंसिर १६ गते गृह जिल्ला पाल्पा पुगेका मन्त्री रानालाई भूमि अधिकार मञ्चको टोलीले ध्यानकर्षण पत्र बुझाउँदै नापी छुट भएको जग्गाको कारण धेरै किसानहरूले समस्यामा परेकाले जग्गा दर्ताको लागि पहल गरिदिन माग गरेका छन् । मन्त्री रानाले भूमि अधिकार मञ्चको पत्र बुझ्दै किसानको समस्याप्रति सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरेका छन् ।

### कम्वोडियन टोलीद्वारा गाउँ मञ्चको भ्रमण

ललितपुरमा सञ्चालन भइरहेको भूमि अधिकार अभियान र संयुक्त पुर्जा अभियानबारे कम्वोडिया र फिनल्याण्डका ६ जनाको टोलीले समुदायको भ्रमण गरी छलफल गरेका छन् । जिल्लाको भट्टेडाडाँमा र देवीचौरमा विदेशी टोली पुगी छलफल गरेका थिए । उनीहरूले भट्टेडाँडामा संयुक्त पुर्जा निर्माण गरेका किसान जोडीसँग अन्तरक्रिया गरी संयुक्त पुर्जा निर्माण र यसको प्रभावबारे जानकारी लिएका छन् । किसान जोडीले संयुक्त पुर्जा निर्माणपछि घरपरिवार, समाज र स्वयम् महिला किसानमा आएको परिवर्तनको अनुभव आदान-प्रदान गरेका थिए । यस्तै सो टोलीले देवीचौर गाविसमा रहेको ऐलानी जमिनमा बसोबास गरिरहेका भूमिहीन किसानहरूसँग पनि छलफल गरेका थिए । सो टोलीले कम्वोडिया र फिनल्याण्डमा भइरहेको भूमि अभियान तथा सफलताबारे अनुभव आदान-प्रदान गरेका थिए ।

जय भूमि ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org